# कोहलपुर नगरपालिका कार्यालय

कोहलपुर, बाँके

**बोलपत्र आह्वानको सूचना**

सूचना नं ०३–०७३/७४

( प्रथम पटक सूचना प्रकाशित मिति : २०७३/११/२७ )

यस कार्यालयबाट तपसिल वमोजिमको निर्माण कार्यहरु बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ ।

१. प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३०औं दिन (२०७३/१२/२६) सम्म कार्यालय समय भित्र बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले लिखित निबेदन दिइ बोलपत्र वापत तपसिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) बुझाई अध्यावधिक इजाजत पत्र, स्थायी लेखा नम्बर तथा मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.०७२।७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी यस कार्यालयबाट र को. ले. नि. का. बांके वाट बोलपत्र सम्वन्धी कागजात खरिद गर्न सकिने छ ।

२. खरिद भएको बोलपत्र प्रष्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहिछाप गरी, शिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसँग लेखी ३१ औ दिन (२०७३/१२/२७) को १२:०० वजे भित्रमा यस कार्यालयमा दर्ता गराउनु पर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको १:०० वजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छ । बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गरिने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन तोकिएकै समयमा बोलपत्र खरिद गर्न वा बुझाउन सकिने छ ।

४. वोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिन सम्म हुनेछ । बोलपत्रसाथ धरौटी वापत तपशिल बमोजिमको रकम कृषि विकास बैक लिमिटेड, कोहलपुर शाखा स्थित यस कार्यालयको धरौटी खाता नं ग-३-१ / ०७२०५०१०००२३५०३९ मा बोलपत्रदाताको नामवाट जम्मा गरेको सक्कलै भौचर वा **क** वर्गको इजाजत प्राप्त वाणिज्य बैंकहरुवाट सो रकम वरावरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड ( बोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन अवधि भएको) पेश गर्नुपर्ने छ ।

५. बोलपत्रदाताले दररेट उल्लेख गर्दा मुल्य अभिवृद्धि कर वाहेकको दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएकोदरलाई मान्यता दिईनेछ ।

६. वोलपत्रको Letter of Bid वा BOQ मा कूल कवोल अङ्क उल्लेख भएको हुनु पर्छ । अन्यथा बोलपत्र मान्य हुने छैन ।

७. बोलपत्रदाताले पेश गरेको बोलपत्र निर्माणस्थल र कामको सम्वन्धमा राम्ररी बुझि बोलपत्र पेश गरेको मानिने छ ।

८. एउटा फर्मका नामवाट खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मका नामवाट दाखिला गर्न पाईने छैन ।

९. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयवाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. बोलपत्र आंशिकरुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. सूचना प्रकाशित भएको २०औं दिनको १:०० बजे निर्माण कार्य गर्न इच्छुक निर्माण व्यवसायीहरुसँग निर्माणस्थल र प्राविधिक स्पेशिफिकेशनका सम्बन्धमा छलफल गर्नका लागि यस कार्यालयमा बैठकको आयोजना हुनेछ ।

१२. यस सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली ,२०६४ सार्वजानिक खरिद नियमावली, २०६४ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१३. बोलपत्र दाखिला गर्ने तथा खोल्ने समयमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम नागरिक समाज तथा पत्रकार समेतको उपस्थितिका लागि समेत अनुरोध गरिएको छ ।

१४. बोलपत्र पेश गर्ने बोलपत्रदाताले बोलपत्र संशोधन गर्न वा फिर्ता लिन चाहेमा वोलपत्र दर्ता हुने अन्तिम मितिको अन्तिम समय भन्दा २४ घन्टा अगावै सिलवन्दी निवेदन दिनु पर्नेछ ।

<u>तपशिल</u>

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (कन्टिन्जेन्सी र भ्याट वाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र फारमको मुल्य रु. |
|---|---|---|---|---|---|
| १ | BANKE/ KOMUN /UAIDP/NCB/01-073/74 | कोहलपुर चौराहा निर्माण कार्य | ४३,९८,८९८।४२ | १,५२,०००।- | १,०००।- |
| २ | BANKE/ KOMUN /UAIDP/NCB/02-073/74 | नगरपालिका भवन फिनिसिङ कार्य १ | ४४,००,०००।- | १,५२,०००।- | १,०००।- |
| ३ | BANKE/ KOMUN /MCG/NCB/03-073/74 | नगरपालिका भवन फिनिसिङ कार्य २ | ४२,९०,०००।- | १,४९,०००।- | १,०००।- |
| ४ | BANKE/ KOMUN /UAIDP/NCB/04-073/74 | वडा नं १२ र १३ जोड्ने बाटो कालोपत्रे गर्ने कार्य | ५०,९६,००२।६५ | १,७७,०००।- | १,०००।- |